**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १५ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेंद्र मोदीले भोली नयाँ दिल्लीमा भारत टेक्स 2025 प्रदर्शनीमा सहभागिता जनाउनु हुनेछ।

- बंगाल स्कूल भर्ती घोटालामा केन्द्रीय जाँच एजेन्सीले 324 उम्मेदवारहरूको नाम शामेल गरेको नयाँ सूची प्राप्त गरेको छ।

- पश्चिम बंगाल सरकारको चियाबारीको ३०% जमिन नीति विरुद्ध आज आपतकालीन बैठक सम्पन्न भयो|

- असीत राई स्मृति साहित्यिक मञ्च खरसाङ्गले २२ फरवरीमा आयोजन गर्ने साहित्यिक कार्यक्रममा कवि दिल थापा रचित प्रथम कृति कविता सङ्ग्रह - समयका चिन्नहरू- को लोकार्पण गरिने छ|

- महिला प्रीमियर लीग क्रिकेटमा आज मुम्बई इण्डियन्सको सामना दिल्ली कैपिटल्ससित साँझ साढे सात बजी देखी हुनेछ।

**प्रधानमंत्री - भारत टैक्स 2025**

प्रधानमन्त्री नरेंद्र मोदीले भोली नयाँ दिल्लीमा भारत टेक्स 2025 प्रदर्शनीमा सहभागिता जनाउनु हुनेछ। श्री मोदीले यस अवसरमा मानिसहरुलाई सम्बोधित पनि गर्नुहुनेछ। 14 फरवरीमा शुरू भएको प्रदर्शनी 17 फरवरी सम्म चल्नेछ। यसमा काँचो माल, तैयार उत्पाद र सहायक उपकरणको सम्पूर्ण टेक्सटाइल मूल्य श्रृंखला एउटै स्थानमा उपलब्ध छ। भारत टेक्स, वस्त्र उद्योगको सबैभन्दा ठूलो र व्यापक कार्यक्रम हो। यसमा दुई स्थानहरुमा विशाल प्रदर्शनी र सम्पूर्ण टेक्सटाइल इकोसिस्टमलाई प्रदर्शित गरिएको छ। यस अवधी 70 भन्दा बढ़ी वैश्विक स्तरको सम्मेलन आयोजित हुनेछ। प्रदर्शनीमा विशेष नवाचार र स्टार्टअप मण्डप पनि हुनेछ। कार्यक्रममा नीति निर्माता र कैयन प्रमुख कार्यकारी अधिकारीले पनि भाग लिनेछन्। यसमा पांच हजार भन्दा बढ़ी प्रदर्शक र 120 भन्दा बढ़ी देशहरुका छ हजार अन्तरराष्ट्रीय खरीददारहरु पनि सम्मिलित हुने सम्भावना छ।

****** ० ******

**बंगाल स्कूल भर्ती**

बंगाल स्कूल भर्ती घोटाला पश्चिम बंगालमा करोडौंको स्कूल भर्ती घोटालाको जाँच गरिरहेको केन्द्रीय जाँच एजेन्सीले राज्यका प्रभावशाली नेताहरूको सिफारिसमा नौकरी दिइएको मामिलामा 324 उम्मेदवारहरूको नाम शामेल गरेको नयाँ सूची प्राप्त गरेको छ। यस खुलासाले राज्यको राजनीतिमा फेरि एकपटक हलचल मच्चाएको छ।स्रोतका अनुसार जाँच एजेन्सीले गत वर्ष कोलकाताको सल्ट लेक स्थित राज्य शिक्षा विभागको मुख्यालयमा छापा मारीको बेला यो सूची बरामद गरेको थियो। उम्मेदवारहरूको नामसितै, यसमा उनीहरूलाई सिफारिस गर्ने प्रभावशाली व्यक्तिहरूको नाम पनि सामेल छन। यो सूची तत्कालीन शिक्षामन्त्री तथा सत्तारुढ दलका महासचिव पार्थ चटर्जीलाई पनि पठाइएको थियो। पार्थ चटर्जीलाई जुलाई 2022 मा आर्थिक अनियमितताहरुको मामिलामा गिरफ्तार गरिएको थियो। यो नयाँ जाँचले सत्तारुढ दलमाथि दबाब बढाएको छ, यद्धपि, यस विषयमा पार्टीबाट अहिलेसम्म कुनै आधिकारिक प्रतिक्रिया आएको छैन। यसैबीच, विपक्षी दलले यो खुलासालाई लिएर सरकारमाथि

निशाना बनाएको छ। यस सूचीको आधारमा जाँच एजेन्सीले थप कारबाही सुरु गरेको छ र यस मामिलामा चाँडै नयाँ खुलासा हुने सम्भावना छ।

****** ० ******

**माँ किचन**

दार्जिलिङको क्यापिटल हल कम्प्लेक्समा सञ्चालित "माँ किचन" ले आफ्नो सेवालाई ६ वर्ष पूरा गरेको छ। पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीको पहलमा सञ्चालनमा आएको यो भान्साले समाजका सीमान्तकृत व्यक्तिहरूलाई सस्तो दरमा पोषणयुक्त भोजन उपलब्ध गराउँदै आएको छ। हाल केन्द्र आइतबार बाहेक दैनिक औसतमा ५० जनालाई सेवा दिइरहेको छ। सेवा निरन्तर दिन पाएकोमा कर्मचारीहरूले मुख्यमन्त्री ममता बनर्जी र दार्जिलिङ नगरपालिका अध्यक्ष दीपेन ठकुरीप्रति कृतज्ञता व्यक्त गरेका छन्। तर, केन्द्र सानो र असुविधाजनक रहेको भन्दै कर्मचारीहरूले सुधारको माग गरेका छन्। उनीहरूले बताए अनुसार हालको ठाउँ सफा र ठूलो नभएकाले सेवा प्रभावकारी रूपमा दिन कठिन भइरहेको छ। यसैले, उनीहरूले दार्जिलिङ नगरपालिका अध्यक्षलाई उपयुक्त स्थानको व्यवस्था गर्न अनुरोध गरेका छन्।

****** ० ******

**चिया बैठक**

पश्चिम बंगाल सरकारले चियाबारीको ३०% जमिन अन्य प्रयोजनका लागि प्रयोग गर्न सकिने निर्णय गरेपछि चिया उद्योग र श्रमिकहरूमा चासो बढेको छ। यसबारे छलफल गर्न आज एक आपतकालीन बैठक आयोजना गरियो, जसमा दार्जीलिङका सांसद राजु बिष्ट लगायत निर्वाचित जनप्रतिनिधिहरू, संयुक्त चिया श्रमिक मञ्चका सदस्यहरू, र चिया उद्योग तथा श्रमिक हितमा काम गर्ने समूहहरू सहभागी थिए। बैठकमा मुख्यमन्त्री ममता बनर्जीको घोषणालाई स्वेच्छाचारी भन्दै विरोध जनाइयो। सहभागीहरूले राज्यपाल, मुख्यमन्त्री, भारतीय चिया बोर्ड, केन्द्रीय वाणिज्य मन्त्री, श्रम मन्त्री, र गृहमन्त्रीसमक्ष विरोध पत्र पठाउने निर्णय गरेका छन्। बैठक पछि एउटा प्रेस विज्ञप्ति जारी गर्दै श्री बिष्टले भन्नु भयो २०२३ मा पश्चिम बंगाल सरकारले लिजमा दिइएका जमिनलाई निजी स्वामित्वमा बदल्ने नीति ल्याएको थियो, जसले चियाबारीको जमिन उद्योगपतिहरूको हातमा जाने र श्रमिकहरू विस्थापित हुने खतरा बढाएको छ। हाल, चियाबारी क्षेत्रमा पाँचतारे होटल र रिसोर्टहरू निर्माण भइरहेका छन्, जसले श्रमिकहरूको भविष्य अनिश्चित बनाएको छ।बैठकमा सहभागीहरूले चियाबारीको थप जमिन अन्य प्रयोजनका लागि प्रयोग गर्न नदिने अडान लिँदै राज्य सरकारलाई नीति फिर्ता लिन आग्रह गरेका छन्। यदि आवश्यक परे कानुनी प्रक्रिया अपनाउने, केन्द्रीय सरकारको हस्तक्षेप माग्ने, र सडक आन्दोलन गर्ने चेतावनीसमेत दिएका छन्।

****** ० ******

**राजु विष्ट**

दार्जीलिङका सांसद राजु बिष्ट आज नयाँ दिल्लीबाट बागडोग्रा विमानस्थलमा अवतरण गरेपछि पत्रकारहरूसँग कुरा गर्दै मुख्यमन्त्री ममता बनर्जी चियाबगानको जमिनकी मालिक नभएको बताउनु भयो। श्री बिष्टले मुख्यमन्त्रीको कार्यकाल मात्र एक वर्ष बाँकी रहेको अनि उहाँले चियाबगानको निर्णय गर्नु कुनै ठूलो विषय नभएको बताउनु भयो। उहाँले राज्य सरकारले चिया श्रमिकहरूका लागि केही नगरेको आरोप लगाउनु भयो र ३०% नीति कार्यान्वयन भएमा आफु सडकमा उत्रिने चेतावनी दिनु भयो।

****** ० ******

**अजय एडवर्ड्स**

इण्डियन गोर्खा जनशक्ति फ्रन्टका संयोजक तथा जिटिए सभासद् अजय एडवर्ड्स आज बिहान ९:३० बजी जिटिए प्रमुख कार्यपाल अनित थापाको नयाँ बजारस्थित बासस्थान पुग्नु भएको थियो। उहाँ चियाबारी श्रमिकहरूको न्यूनतम ज्याला, २०% बोनस, पर्जा पट्टा, र चियाबारीको ३०% जमिन उद्योगपतिलाई दिने सरकारी निर्णयबारे छलफल गर्न जानु भएको थियो। तर जिटिए प्रमुख कार्यपाल घरमा नभएकाले भेट हुन सकेन। यसबारे प्रतिक्रिया दिँदै श्री थापाले भन्नु भयो अजय एडवर्ड्सले उहाँलाई नेता मान्नु भयो, त्यसैले भेट्न आउनु भएको थियो। श्री थापाले जो कोही पनि उहाँको घरमा आउन सक्ने बताउनु भयो।

****** ० ******

**बंगालस्कूलभर्तीघोटाला**

पश्चिम बंगालमा करोडौंको स्कूल भर्ती घोटालाको जाँच गरिरहेको केन्द्रीय जाँच एजेन्सीले राज्यका प्रभावशाली नेताहरूको सिफारिसमा नौकरी दिइएको मामिलामा 324 उम्मेदवारहरूको नाम शामेल गरेको नयाँ सूची प्राप्त गरेको छ। यस खुलासाले राज्यको राजनीतिमा फेरि एकपटक हलचल मच्चाएको छ।स्रोतका अनुसार जाँच एजेन्सीले गत वर्ष कोलकाताको सल्ट लेक स्थित राज्य शिक्षा विभागको मुख्यालयमा छापा मारीको बेला यो सूची बरामद गरेको थियो। उम्मेदवारहरूको नामसितै, यसमा उनीहरूलाई सिफारिस गर्ने प्रभावशाली व्यक्तिहरूको नाम पनि सामेल छन। यो सूची तत्कालीन शिक्षामन्त्री तथा सत्तारुढ दलका महासचिव पार्थ चटर्जीलाई पनि पठाइएको थियो। पार्थ चटर्जीलाई जुलाई 2022 मा आर्थिक अनियमितताहरुको मामिलामा गिरफ्तार गरिएको थियो।यो नयाँ जाँचले सत्तारुढ दलमाथि दबाब बढाएको छ, यद्धपि, यस विषयमा पार्टीबाट अहिलेसम्म कुनै आधिकारिक प्रतिक्रिया आएको छैन। यसैबीच, विपक्षी दलले यो खुलासालाई लिएर सरकारमाथि निशाना बनाएको छ ।यस सूचीको आधारमा जाँच एजेन्सीले थप कारबाही सुरु गरेको छ र यस मामिलामा चाँडै नयाँ खुलासा हुने सम्भावना छ।

****** ० ******

**असीत राई**

असीत राई स्मृति साहित्यिक मञ्च खरसाङ्गको तत्वधानमा मासिक रूपले सम्पन्न गरिने साहित्यिक कार्यक्रमको सातौं प्रकरण आगामी दिनाङ्क २२ फरवरी को दिन अपराह्न १ बजी देखि ब्लुमफिल्ड महकुमा पुस्तकालय भवनमा सम्पन्न गरिने भएको छ। यस कार्यक्रममा मुख्य आकर्षण यस मञ्चका उपाध्यक्ष एवम् बरिष्ट कवि दिल थापा रचित प्रथम कृति कविता सङ्ग्रह - समयका चिन्नहरू- को लोकार्पण गरिने जानकारी असीत राई स्मृति साहित्यिक मञ्चका सचिव दीपक ठटालले दिनु भएको छ|

****** ० ******

**प्रीमियर क्रिकेट लीग**

वडोदरामा जारी **महिला प्रीमियर लीग** क्रिकेटमा आज साँझ साढे सात बजी देखि दिल्ली कैपिटल्सको सामना मुंबई इडियंससित हुनेछ। प्रतियोगिताको पहिलो म्याचमा हिजो रोयल चैलेन्जर्स बेंगलुरुले गुजरात जायंट्सलाई 6 विकेटले पराजित गर्यो।

****** ० ******

**लङभिउ**

दुर्बिन लङभिउको सात घुम्तीमा २० वर्षको प्रयासपछि बाटो बनेकोमा स्थानीय वृद्धा निरपाकुमारी राईले जीटीए प्रमुख अनित थापालाई धन्यवाद दिनु भएको छ| उहाँको अनुसार विभिन्न दललाई भोट दिएर बाटो र पानीको माग गरिए पनि सुनुवाइ भएन। अहिले तीन गाउँका बासिन्दाहरू बाटो र पानीको सुविधा पाएर खुसी भएको श्रीमती राईले बताउनु भयो।

****** ० ******

**पुलिस एस आई**

पुलिस एस आई अमिताभा मलिक हत्यकाण्डको एक आरोपी आयुष राईलाई दार्जीलिङ सि जि एम अदालातले 14 दिनको न्यायिक हिरासतमा राख्ने आदेश दिएको छ। आयुष राईलाई हिज दार्जीलिङ पुलिसले उनकै वासस्थान बाट पक्राउ गरेको थियो भने आज अदालातमा पेश गरेको थियो। स्मरण रहोस् 2017 मा दार्जीलिङ पहाडमा गोर्खाल्याण्ड आन्दोलनको क्रममा पुलिसको एस आई अमितभा मलिकको मृत्यु भएको घटनामा बिमल गुरुङ लगायत 26 जनाको नाममा दार्जीलिङ पुलिसले उजुरी दर्ता गरेको थियो।

****** ० ******

**खानेपानी समस्या**

घूम-जोरबंगलो पिपल्स अर्गनाइजेशनले पत्रकार सम्मेलन गर्दै खानेपानी अभियान परियोजनाको ढिलाइप्रति आपत्ति जनाएको छ। तीन वर्षअघि शुरु भएको योजना अन्तर्गत घूम खासमल क्षेत्रमा ११ वटा ट्याङ्की निर्माण गर्ने योजना थियो, तर अहिलेसम्म ८ वटा मात्र बनेको छ। अध्यक्ष सांगे डुक्पाले दीर्घकालीन पानी संकट भइरहे पनि परियोजनाले अझै पूर्णता नपाएको

बताउनु भयो। श्री डुक्पाले जीटीए- लाई छिट्टै सबै घरधुरीमा खानेपानी उपलब्ध गराउन तत्काल पहल गर्न माग गर्नु भयो। उहाँले स्थानीय बासिन्दाहरूले ३० वर्षदेखि पानी किनेर उपभोग गरिरहेको बताउनु भयो|

****** ० ******

**कालेबुङ क्रिकेट**

कालेबुङको होम्स रोनलसे ग्राउण्डमा भोलि रोनलसे पार्क संरक्षण समिति द्वारा आयोजित क्रिकेट प्रतियोगिताको फाइनल खेल आयोजना हुँदैछ। आयोजक समितिका जिग्मी भुटियाका अनुसार फाइनल खेलका लागि सबै तयारी अन्तिम चरणमा पुगेको छ। यस प्रतियोगिता कालेबुङका लागि महत्वपूर्ण रहेको ले खेलप्रेमीहरूलाई उपस्थित हुन श्री भुटियाले आग्रह गर्नु भएको छ। आयोजक समितिले फाइनल खेल भव्य बनाउन आवश्यक व्यवस्था मिलाइसकेको जनाएको छ।

****** ० ******